# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## प्रदेश नं. १

## स्थानीय राजपत्र

## लिखु गाउँ कार्यपालिकाद्वारा प्रकाशित

| खण्डः- ५ | संख्याः- ०५ | मितिः- २०७८/११ /०५ |
|---|---|---|


## भाग-२

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा लिखु गाउँपालिका ग्रामिण आँखा किल्निक निर्देशिका, २०७८ लिखु गाउँ कार्यपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### लिखु गाउँपालिका ग्रामिण आँखा क्लिनिक सञ्चालन निर्देशिका, २०७८

नियमावली नं. - ३९

प्रमाणिकरण मितिः- २०७८/११/०५

लिखु गाँउपालिकामा आँखा स्वास्थ्य सेवा सञ्चालन गर्ने उदेश्यले लिखु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरि सञ्चालन निर्देशिका, २०७८ तयार गरि जारि गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** क) यस निर्देशिकाको नाम "लिखु गाउँपालिका ग्रामिण आँखा क्लिनिक सञ्चालन निर्देशिका, २०७८"

ख)यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकले स्विकृत गरेको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिका बमोजिम :

क) **निर्देशिका भन्नाले :** लिखु गाउँपालिका ग्रामिण आँखा क्लिनिक सञ्चालन निर्देशिका, २०७८ लाई जनाउँछ।

ख) **अध्यक्ष भन्नाले :** लिखु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ग) **स्वास्थ्य संयोजक भन्नाले** : गाउँपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाइ कार्यालयको प्रमुख वा निजले तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

घ) **स्थानीय महिला समाजसेवी भन्नाले :** स्वास्थ्य र सामाजिक क्षेत्रमा कार्य गरेको महिलालाई सम्झनु पर्दछ।

**३. क्लिनिकको नामः** आँखा क्लिनिकको नाम “ग्रामिण आँखा क्लिनिक"

अंग्रेजीमा: *"Rural Eye Clinic"* रहनेछ।

**४. स्थान :** यस आँखा क्लिनिक लिखु गाँउपालिकामा रहने छ।

**५. उद्देश्य:** सर्वसाधारण समुदायको पहुँचमा पुग्नेगरी सर्वशुलभ मुल्यमा आँखा स्वास्थ्य सेवा प्रदान गर्ने।

**६. कार्यक्षेत्र :** यस क्लिनिकको कार्यक्षेत्र गाँउपालिका भित्रका सबै वडाहरु रहने छन्।

**७. हैसियत (कानुनी):** यस क्लिनिक गाँउपालिकाद्धारा सञ्चालन भएको मानिनेछ।

**८. आँखा क्लिनिक ब्यवस्थापन समितिको गठन :** क) आँखा क्लिनिक सञ्चालनको लागि ५ सदस्यीय ब्यवस्थापन समिति गठन गरिनेछ। यो ब्यवस्थापन समिति गाँउपालिका अध्यक्षको संरक्षकत्वमा रहनेछ। उक्त समिति देहाय बमोजिम हुने छ :

१. अध्यक्ष : गाँउपालिका उपाध्यक्ष

२. सदस्य : स्वास्थ्य संयोजक

३. सदस्य : स्थानीय महिला समाजसेवी

४. सदस्य : गाउँ कार्यपालिकाले मनोनयन गरेको १ जना वडा अध्यक्ष

५. सदस्य सचिव : ग्रामिण आखा क्लिनिक प्रमुख

ख) सल्लाहकारहरुः यस ग्रामिण आँखा क्लिनिकका सल्लाहकारहरु तपसिल अनुसार हुनेछन् :

१. संयोजक: गाउँपालिका अध्यक्ष

२. सदस्य: कार्यपालिकाद्धारा मनोनित १ जना कार्यपालिका सदस्य

ग) आखाँ क्लिनिक व्यवस्थापन समितिको बैठक अत्यावश्यक बाहेक त्रैमासिक रुपमा बस्नेछ । व्यवस्थापन समितिको बैठकको सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**९. ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकारहरुः** यस समितिको काम कर्तब्य र अधिकारहरु तपशिल अनुसार हुनेछ :

क) क्लिनिकमा जनशक्तिको ब्यवस्थापन गरी जनशक्ति परिचालन गर्ने,

ख) क्लिनिकका कार्यक्रमको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्यांकन गर्ने,

ग) क्लिनिकको आत्मनिरर्भताको लागि श्रोत तथा साधनहरुको ब्यवस्थापन गर्ने,

घ) समितिको बैठक बोलाउने र सोको प्रगति विवरण लिखु गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने ।

**१०.गाँउपालिकाको कार्यक्षेत्र :** गाँउ पालिकाको कार्यक्षेत्र तपशिल अनुसारको रहनेछ :

क) क्लिनिक सञ्चालन र कार्यालय (आँखा) सहयोगीको तलव सुविधा सहित खर्चको ब्यवस्था गर्ने,

ख) क्लिनिकको विकास र दिगोपनाको वातावरण बनाउने,

ग) कार्यक्रमको अनुगमन गर्ने,

घ) बालबालिका, वृद्धवृद्धा तथा विपन्नको आँखा सेवाको लागि बजेटको ब्यवस्थापन गर्ने,

ङ) क्लिनिक संचालनको आवश्यक बजेटको ब्यवस्था गर्ने,

च) क्लिनिक संचालन र दिगोपनाको लागि आँखा सामुदायिक केन्द्र, ओखलढुंगा, तिलगंगा आँखा प्रतिष्ठान तथा अन्य सम्बन्धित निकायसंग सहयोगको लागि आवश्यक समन्वय गर्ने,

छ) आँखा क्लिनिक सेवालाई आवश्यकतानुसार विस्तार गर्दै लैजाने,

ज) क्लिनिक संञ्चालनको प्रथम वर्षको लागि कर्मचारी (नेत्र सहायक) को तलब सुविधाको लागि तिलगंगा आँखा तिलगंगा प्रतिष्ठानसँग समन्वय गर्ने।

**११.क्लिनिकले गर्ने कार्यहरुः** देहाय अनुसारका कार्यहरु गर्न सक्नेछ :

क) आँखा जाँच सेवा प्रदान गर्ने,

ख) औषधी तथा चश्माको सेवा प्रदान गर्ने,

ग) रिफरल सेवा प्रदान गर्ने,

घ) आँखा स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने,

ङ) अन्य स्वास्थ्य संस्थासंग समन्वय गर्ने,

च) क्लिनिकको आर्थिक तथा प्रगति विवरण तयार गरि गा.पा. बैठक तथा गाउँ सभामा पेश गर्ने,

छ) तिलगंगा/सामुदायिक आँखा केन्द्रबाट सञ्चालित परियोजनाहरुको लागि समन्वय गर्ने ।

**१२. क्लिनिकको मानव संसाधनः** यस क्लिनिकमा तपसिल अनुसारको जनशक्ति रहने छन्।

क) नेत्र सहायक : १ जना

ख) आँखा सहयोगी : १ जना

ग) आवश्यक अन्य कर्मचारी थप गर्दै लगिनेछ।

**१३.आर्थिक कारोवार :** गाँउपालिकाको आर्थिक नियमावलीको अधिनमा लिखु गाउँपालिकाको कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त नाममा बैक खाता सञ्चालन हुने गरि ग्रामीण आँखा क्लिनिक कोष सञ्चालन गरिनेछ । आँखा क्लिनिकको आन्तरिक तथा बाह्य श्रोतबाट संकलित रकम उक्त कोषमा जम्मा गरिनेछ । उक्त कोषको रकम व्यवस्थापन समितिको अनुरोधमा गाउँ कार्यपालिकाबाट अनुमोदन गराई आँखा उपचार सम्बन्धी आवश्यकीय व्यक्ती/सेवामा खर्च गर्न सक्नेछ।

**१४.** आवश्यक परेमा क्लिनिक सञ्चालनमा आर्थिक सहयोग गर्ने संस्थाको नाम उल्लेख गर्न सकिनेछ।

**१५.** व्यवस्थापन समितिले आँखा क्लिनिकको गतिविधि तथा कार्यक्रम सञ्चालन गर्दा तिलगंगा आँखा प्रतिष्ठान, बाह्य कार्यक्रम तथा विभागसँग समन्वय र सहकार्यको लागि अनुरोध गर्न सक्नेछ।

**१६.** सरोकारवाला बीच वार्षिक कार्ययोजना र प्रगति विवरणबारे गोष्ठी सञ्चालन गर्न सक्नेछ।

**१७.** ग्रामिण आँखा क्लिनिक, लिखु गाउँपालिकाले सेवा दिएबापत व्यवस्थापन समितिको निर्णय र कार्यपालिकाबाट अनुमोदन भए अनुसार सेवा सुल्क लिन सक्नेछ।

**१८. निर्देशिका संशोधनः** यस निर्देशिकामा आवश्यक संशोधन वा थपघट गर्नु परेमा कार्यपालिकाको निर्णयबाट हुनेछ।

**१९. प्रचलित कानून बमोजिम हुने :** यस निर्देशिकामा लेखिएका कुराहरुको हकमा यसै निर्देशिका र नलेखिएको कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**२०. बाधा अड्काउ फुकाउः** यस निर्देशिकामा नलेखिएको कुरामा कुनै बाधा अड्काउ भएमा कार्यपालिकाको बैठकको निर्णयबाट फुकाउन सकिनेछ।

आज्ञाले

दिनानाथ चौधरी

नि. प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०७८/११/०५